




# प्रदेश-३



{ खेतीमा प्रविधि र आधुनिक तरिकाले उत्पादन बढाई आर्थिक समृद्धिका लागि अगाडि बढ्न युवालाई अनुरोध गरेका थिए।



नारायणगढ-मुग्लिन सडकखण्डको टोपे खोलामा सोमबार खसेको पहिरो, बर्खायाममा दैनिकजसो खस्ने पहिरोले यात्रुलाई निकै सास्ती हुने गरेको छ। *तस्वीरः कृष्ण आचार्य*

# प्रदेश तहको राजधानी माग गर्दै सकियो दोस्रो जिल्लासभा

मोतीराम तिमल्सिना, काभ्रे

सरकारले स्थायी संरचना र विकासका लागि हचुवाको भरमा योजना नबनाई डिटेल सर्भेपछि रकम विनियोजन गर्ने सरकारका प्रवक्ता तथा सञ्चार तथा सूचना प्रविधिमन्त्री गोकुल बास्कोटाले बताएका छन्।

जिल्ला समन्वय समिति काभ्रेपलाञ्चोकको दोस्रो जिल्लासभा बैठकको धुलिखेलमा उद्घाटन गर्दै मन्त्री बास्कोटाले आम नागरिकलाई विकासको भोक जागेका बेला सरकारले स्थायी ढंगको विकास निर्माणबाट समृद्ध नेपालको परिकल्पना गरिरहेको बताए। पानी र जैविक विविधता जोगाउने गरी खानी र क्रसरहरूको व्यवस्थापन गर्नुपर्ने बताउँदै जिल्लाका सम्भावनालाई तिनै सरकारले प्राथमिकतामा राखेको बताए। धुलिखेलसम्मको मेट्रो रेल, एयरपोर्ट, खानेपानी, महाभारत मेट्रो ट्रेललगायतका विकासका महत्त्वपूर्ण योजनामा सरकारले ध्यान दिएको बताए। 'योजना बनाउनुस्, कार्यान्वयन गर्नुस्, पैसाको समस्या छैन', मन्त्री बास्कोटाले भने- 'नागरिकसँग जोडिने गरी सरकारले देशभरका स्थानीय सरकारले चलाउने एप्स निःशुल्क वितरण गरिनेछ।' त्यसको शुरुआत काभ्रेपलाञ्चोक जिल्लाबाट गरिने मन्त्री बास्कोटाले बताए।

समन्वय प्रमुख उद्धव केसीले जिल्ला सभामा जिल्लाको नीति तथा मार्गदर्शन प्रस्तुत गर्दै भूकम्पपछिको पुनर्निर्माण, जिल्लामा भइरहेका विकास निर्माणलगायतका क्षेत्रमा भएका गतिविधि सार्वजनिक गरेका थिए। पूर्वाधार विकासमा सबै नगरपालिका र गाउँपालिकालाई केन्द्रसँग जोड्ने सडक, वडा कार्यालयसम्म आइपुग्ने सडक निर्माण, फोहोरमैला व्यवस्थापन, कभर्ड हल, एकीकृत खानेपानी, रिचार्ज पोखरी, जलाधार क्षेत्र संरक्षण, सार्वजनिक शौचालय निर्माण, खेतीयोग्य जमिनमा सिँचाइ निर्माणलगायतलाई प्राथमिकतामा राखिएको छ। आर्थिक विकासका लागि समृद्ध काभ्रेपलाञ्चोक भन्ने अभियानका लागि शिक्षा, स्वाथ्य, रोजगारी, कृषि र पर्यटन क्षेत्रको हब बनाउने लक्ष्य राखिएको छ। व्यवस्थित बजार केन्द्र, कृषिजन्य उत्पादन र भण्डारण, पकेट क्षेत्र घोषणा, पशु उत्पादनको व्यवस्थित बजारीकरण, पशुपंक्षी क्षेत्रको दिगो विकास, सहकारी क्षेत्रको प्रबर्द्धनलगायत लक्ष्य लिइएको छ। सामाजिक विकास, उद्योग तथा पर्यटन विकास, सूचना सञ्चार, सुशासन तथा संस्थागत विकाससँगै समृद्ध काभ्रेपलाञ्चोक निर्माणका लागि प्रदेश ३ को राजधानी बनाउन माग गरिएको छ।

सभाले धुलिखेलसम्मको ६ लेनको सडक,१ हजार सिट क्षमताको अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र, इन्द्रावती बहुउद्देश्यीय परियोजना, पनौती, नमोबुद्ध, बेथान्चोक र सुलिकोटलगायतका स्थानलाई विश्व सम्पदा सूचीमा सूचीकृत गर्न, केबुलकार निर्माण गर्न, सुख्खा बन्दरगाह निर्माण गर्न माग गरेको छ। समन्वय प्रमुखले संविधानमै भएको अधिकारलाई कार्याविधि बनाएर जिल्ला समन्वय समितिलाई अझै प्रभावकारी बनाउन माग गरेका थिए। कार्यक्रममा प्रतिनिधिसभा सांसदद्वय गंगाबहादुर दोङ र नविना लामा, प्रदेशसभा सांसद रत्न ढकाल, चन्द्र लामा, लक्ष्मण लम्साल, जिल्ला समन्वय समिति महासंघका केन्द्रीय अध्यक्ष सीता सुन्दास, पार्टी नेता सूर्यमान दोङ, शंखबुद्ध लामा, भीमबहादुर लामा, प्रमुख जिल्ला अधिकारी कृष्णबहादुर राउत, जिल्ला न्यायाधीश अर्जुनप्रसाद अधिकारी, पत्रकार महासंघ काभ्रेका अध्यक्ष मोतिराम तिमल्सिना, सामुदायिक वन उपभोक्ता महासंघका अध्यक्ष विनोद सापकोटाले जिल्लासभामा प्रस्तुत भएका मार्गदर्शनलाई कार्यान्वयनका लागि स्थानीय, प्रदेश र केन्द्रीय सरकारसँग माग गरेका छन्।

सभामा चालू आव २०७४/२०७५ जेठ मसान्तसम्मको आयव्ययको यथार्थ, असार मसान्तसम्मको संशोधित अनुमान तथा आगामी आवको प्रस्तावित आयव्ययको विवरणको प्रस्ताव पेस भएको थियो। सभाअध्यक्षबाट जिल्लासभाको बैठकको कार्यसूची, बैठक सञ्चालन कार्यविधि-२०७५, कार्यविधिमाथि छलफल र पारित, नीति तथा कार्यक्रम छलफलका लागि प्रस्तुत, जिल्ला अनुगमन कार्यविधि, जिल्ला विकास अवधारणा, जिल्ला समन्वय समितिको संगठनात्मक संरचना र दरबन्दीसम्बन्धी प्रस्ताव पारित भएको थियो। सभामा जिल्लामा रहेका १३ स्थानीय सरकारका प्रमुख र उपप्रमुख सहभागी थिए।

# पहिरोले दुई जना घाइते

हेटौंडा, (नेस)

लगातारको वर्षाले मकवानपुरको थाहानगर-७ मा पहिरो गएको छ। पहिरोमा परी २ जना घाइते भएका छन्। घाइते हुनेमा विष्णुमाया गोले र बेली गोले छन्। घाइतेको स्थानीय मेडिकलमा उपचार भइरहेको छ।

एउटा टहरो पहिरोले भत्किएको स्थानीय रत्नबहादुर गोलेले जानकारी दिएका छन्। सामान ढुवानी गर्ने गाडीसमेत पहिरोमा परेर झुन्डिएको गोलेले जानकारी दिए। लगातारको वर्षापछि आएको पहिरोका कारण छोटो दुरीको मदन भण्डारी मार्ग अवरुद्ध भएको छ। निर्माणका क्रममा रहेको मार्गको इन्द्रसरोवर गाउँपालिका-२, छेपारेमा पहिरो खस्दा हेटौंडा-कुलेखानी-सिस्नेरी-दक्षिणकाली खण्ड अवरुद्ध भएको हो। प्रहरीका अनुसार सोमबार बिहान पहिरो खसेको हो। लगातार वर्षा हुँदा पहिरो हटाउन सकिएको छैन। सडक अवरुद्ध भएपछि कुलेखानी-फाखेल खण्डमा सवारीचाप बढेको प्रहरी चौकी फाखेलको भनाइ छ।

उक्त बाटो भएर हेटौंडाबाट काठमाडौं दैनिक साना सवारी १ हजारभन्दा बढी गुड्ने प्रहरी तथ्यांक छ। ३ वर्षको ठेक्कामा काम थालिए पनि गति लिन नसक्दा सवारी सञ्चालनमा समस्या भएको यातायात व्यवसायी बताउँछन्। छोटो दूरीको मार्गमा पूर्वी नेपालको सर्लाही, रौतहट, पर्सा, मकवानपुरका साना सवारी सुमो, निजी गाडी, मोटरसाइकल र स्थानीय रुटका भाडाका सवारी सञ्चालन हुने गरेका छन्।

# 'आधुनिक र व्यावसायिक खेतीमा लागौं' -मन्त्री बास्कोटा



काभ्रे, (नेस)

' तीन दिन जनश्रमदानमा युवा' भन्ने अभियानका साथ युवा संघ नेपाल र वाईसीएल नेपाल काभ्रेले बनेपा नगरपालिका-१० जनागालको ढुंडे साँघुमा रहेको कार्यकर्ता चमेली विष्टको खेतमा सञ्चार तथा सूचना प्रविधिमन्त्री गोकुल बास्कोटाले रोपाइँका लागि सहभागी भएका युवालाई जनश्रमदानमा लाग्न अनुरोध गरे।

युवा संघका अध्यक्ष विक्रम चौलागाईंले जिल्लामा साविक एमाले र माओवादी केन्द्रका युवाको सामूहिक कार्यक्रम पहिलो भएको र पार्टीमा सहभागी युवालाई श्रमदानमा लाग्न उत्प्रेरणा दिने गरी कार्यक्रम आयोजना गरिएको बताए। मन्त्री बास्कोटाले खेतीमा प्रविधि र आधुनिक तरिकाले उत्पादन बढाई आर्थिक समृद्धिका लागि अगाडि बढ्न युवालाई अनुरोध गरेका थिए।

कार्यक्रममा वाईसीएल नेपालका जिल्ला अध्यक्ष राजकुमार श्रेष्ठ, पार्टीका विभिन्न तहका नेता कार्यकर्ता, स्थानीय सरकारका प्रमुख उपप्रमुखको सहभागिता रहेको थियो।

# चितवनमा विपद् व्यवस्थापनको तयारी सुस्त

नेपाल समाचारपत्र

चितवन

निरन्तरको वर्षाले चितवनका राप्ती, नारायणी, रीउलगायतका नदीमा पानीको बहाव बढेसँगै बाढीको खतरा देखिए पनि विपद् व्यवस्थापनको तयारी भने जिल्लामा कमजोर देखिएको छ।

रत्ननगर नगरपालिकाका मेयर नारायण वनले नगरपालिकाको विपद् व्यवस्थापनको साधनस्रोत निकै कम भएकाले बाढी नआइदियोस् भनेर भगवान् भरोसामा रहेको बताए। रत्ननगर नगरपालिकामा विपद् व्यवस्थापन कोषमा ५० लाख रुपियाँ, केही लाइफ ज्याकेट रहेको उनले बताए। उनले नगरपालिकाका सबै वडाका जनप्रतिनिधिलाई विपद् व्यवस्थापनका लागि सजग रहन अनुरोध गरिएको जानकारी दिए। त्यस्तै, भरतपुर महानगरपालिकाकी उपमेयर पार्वती शाहले महानगरमा विपद् व्यवस्थापन समिति भने बनेको तर समितिमा को-को छन् र विपद् व्यवस्थापनको तयारीबारे केही जानकारी नभएको बताइन्। महानगर वडा नम्बर १ का वडाअध्यक्ष जयराम श्रेष्ठ र वडा नम्बर २ का वडाअध्यक्ष पूर्णबहादुर श्रेष्ठले विपद् व्यवस्थापन समिति बनेको तर सम्पूर्ण तयारीको बारेमा जानकारी नभएको बताए।


राप्ती नगरपालिकाकी मेयर प्रभा बरालले नगरपालिकामा भएको साधनस्रोत विपद् व्यवस्थापनका लागि पर्याप्त नभएको बताइन्। विपद् व्यवस्थापनका लागि आवश्यक पर्ने सवारीसाधन किन्ने तयारीमा रहेको उनले जानकारी दिइन्। मेयर बरालले वडा-वडामा जनप्रतिनिधिलाई र सुरक्षा निकायलाई भने तयारीमा बस्नको लागि आग्रह गरिएको बताइन्।

त्यस्तै, खैरहनी नगरपालिकाकी उपमेयर सुनिता थपलियाले नगरपालिकामा विपद् व्यवस्थापन समितिमा मात्र गठन भएको तर व्यवस्थापनका लागि आवश्यक सामग्री नभएको बताइन्। विपद् व्यवस्थापन कोष नगरपालिकामा स्थापना भएको तर के कति बजेट राखिएको छ आफूलाई केही जानकारी नभएको उनले बताइन्। माडी नगरपालिकाका वडा नम्बर २ का वडाअध्यक्ष ईश्वरीप्रसाद ढकालले नगरपालिकामा विपद् व्यवस्थापन कोषको बजेट पास हुन नै बाँकी रहेको बताए। नगरपालिकामा विपद् व्यवस्थापनका लागि केही रेडक्रसले दिएका पुराना सामग्री भए पनि सबै अपर्याप्त रहेको उनले बताए।

त्यसैगरी इच्छाकामना गाउँपालिकाका उपाध्यक्ष कृतिकुमार श्रेष्ठले सोमबार विपद् व्यवस्थापनका लागि के-के नयाँ सामान किन्ने भने सरोकारवालाको बीचमा बैठक बस्ने तयारी भएको बताए

## वर्गीकृत डिस्प्ले

बोरिङ्ग इनारको रातो पहेलो पानीलाई शुद्ध र सफा गरिन्छ।



जलपादेवी वाटर सोलुशन
फोन नं:- ९८५१०६९३९२, ९८५१०२१०३८

वर्गीकृत डिस्प्ले
आइतबार, मंगलबार, बिहीबार र शुक्रबार
रू. १००० ।-
मूअकबाहेक
विस्तृत जानकारीका लागि
कामना न्युज पब्लिकेशन प्रा.लि.
भीमसेनस्थान
फोन : ४२१९९८४, ४२१९०२६
४२१९६२२, ४२१९४४५

## वर्गीकृत विज्ञापन

### डिप्रेशन र माईग्रेनको सफल उपचार !!!

- टाउको दुख्ने, चस्कने-घोच्ने, झुम्म हुने, रिङटा लाग्ने, कान कराउने डम्म हुने
- निन्द्रा नलाग्ने, झस्कने, निन्द्रामा बरबराउने, सपना नराम्रो देख्ने,
- डरलाग्ने, मुट हल्लने, आत्मबलको कमी, नर्भस हुने
- हातगोडा गल्ने, कमजोर महसुस हुने, हिनताबोध हुने
- डाह, छटपटि हुने, के गरौं कसो गरौं हुने, मर्न मनलाग्ने
- नकरात्मक सोच आउने, टोलाउने, हुलमा जान नसक्ने
- झर्को लाग्ने, चाँडै रिस उठ्ने, चाँडै बिर्सने
- धेरै आलस्य लाग्ने, रमाइलो गर्ने मन नलाग्ने, धेरै सुत्ने
- श्वास रोकिएला जस्तो हुने, गाह्रो हुने, केही भैहाल्ने होकी भनेर आत्तिने।
- हातखुट्टा पोल्ने, झमझम्याउने, निदाउने
- ग्यास्ट्रिक र स्टुलमा म्युकस देखिने समस्या
- पढ्नमा कन्सनट्रेशन नहुने र मेमोरी पावरको कमी पूर्ति गरिने
- पिसाब चाँडे चाँडो लाग्ने, मुख वा शरिर हप्प तात्ने, घाँटीमा अप्ठ्यारो भइरहने, हात वा शरिर काम्ने हुने
- औषधि खाँदा पनि निको नभएको प्रेशर समस्या ठिक पारिने
- औषधी खाँदा वा इन्सुलिन लिंदासमेत ठिक नभएको सुगर रोगी ठिक हुने
- आँखा पोल्ने, बिझाउने, सुख्खा हुने
- ढाड दुख्ने, नसा च्यापिएको, छाती मुटु दुख्ने, पेट दुख्ने, पोल्ने, डम हुने, खाएको नपच्ने निको हुने।

नोट : **कहींबाट नभएकाहरूलाई पनि निको पारिने।**

**उपचारमा नयाँ आविस्कार सम्बन्धी NTV+ बाट प्रत्येक सोमबार प्रसारण हुने कार्यक्रम बिहान ८:०० देखि ८:३० सम्म र प्रत्येक मंगलबार दिउँसो २:०० देखि २:३० बजेसम्म आउने कुरा सबैमा अवगत गराइन्छ।**

**युनिक मेडिटेशन सेन्टर**
**नारायणी पेट्रोल पम्प**
**रिङरोड, बाफल**
४२७९५९५, ९८४९२२८०५९, ९८१३१२५५५८

### मर्मत

अमूल्य समय, अनावश्यक खर्च र झन्झटबाट छुट्कारा पाउन पन्चरसिल पन्चरप्रुफ प्रयोग गर्नुहोस् साथै लोडसेडिङको विकल्पको लागि ९५० VA देखि ६.५ KVA सम्मको I र III फेज जेनेरेटरहरु धमाधम बिक्री भइरहेको छ । डिलर चाहनेले र BULKमा लट नै उठाउँन चाहनेले पनि सम्पर्क राख्नुहोला ।

**उपलब्धी सुविधाहरू**

(१) मोटरसाइकल खरिद बिक्री।
(२) जेनेरेटर मर्मत होम सर्भिस।
(३) नयाँ जेनेरेटर बिक्री।
(४) इन्जिन मर्मत १०,००० किमि ग्यारेन्टी।
(५) डेन्टपेन्ट र रंगरोगन

**चाहियो**

**मोटरसाइकल मिस्त्री र हेल्पर चाहियो।**
खान बस्नको सुविधासहित।
If you are satisfied, tell others
If not tell us.
**राजु मो-बाइक कन्सर्न**
न्यूप्लाजा, पुतलीसडक, काठमाडौं
फोन नं. ४४३१२८६, ५०१०५५०

### बाथ तथा दमको अचुक उपचार

हिमाली जडीबुटीहरुको ११ वर्षको लगातार अनुसन्धानपश्चात् साध्य तथा असाध्य रोगमा अपूर्व सफलता।
बाथ एवं नसारोग : स्यालको बोसो, चौंरीको घियू, मूला बीउ, रायो बीउको तेलमा ५१ जडीबुटीलाई सिद्ध गरिएको मालिस तेल र ८१ जडीबुटीबाट निर्मित खाने औषधीबाट बाथमा सफलता।
दम : रूद्राक्षको जराको सत्व, कागतीको जराको सत्व, कण्टकारीको जराको सत्व, दशौं वर्ष पुरानो सख्खर (गुड) का साथमा १३ जडीबुटीलाई सिद्ध गरिएको औषधीबाट दममा सफलता।
मधुमेह : मधुमेह धातु (वीर्य क्षीण हुने) रोग पनि भएकाले वीर्य पुष्टिका लागि- गुर्जोको सत्व, कृष्णब्राम्ही, विमिरोको जराको सत्व, ओखरको तेल, बाँसको जराको सत्व, नीर बाबरीको दानालगायत ११ जडीबुटीबाट वीर्य पुष्टि एवं मधुमेहमा सफलता साथै ग्यास्ट्रिक, अल्सर, पुरानो आउँ, अल्काई, पिनास, पुरानो खोकी, प्यारालाईसिस, साइटिका, कम्मर-घुँडा दुख्ने, नसा च्यापिएको, हड्डी खिइएको, महिनावारीमा तल्लो पेट दुख्ने, श्वेतप्रदर, शीघ्रपतन, यौन अक्षमता, गानोगोला जस्ता सबै खाले पुराना रोगको सफल उपचार गरिन्छ।

**विशाल आयुर्वेद तथा ध्यान-दर्शन योगाभ्यास प्रशिक्षण आश्रम**
**महाराजगन्ज चक्रपथ, नारायणगोपाल चोक परमेश्वर मार्ग, आस्था कला केन्द्रसँगै (अमेरिकन एम्बेसीको अपोजिट साइडबाट ५-७ घर माथि आएपछि परमेश्वर मार्गमा छिर्ने)**
**फोन : ४७२००४६**
**मोबाइल : ९८५१०७३५००**

## नेपाल समाचारपत्र NEPAL SAMACHARPATRA को वर्गीकृत विज्ञापन तथा ग्राहक संकलन काउन्टरहरू

**काठमाडौं** गोर्खा न्यूज एण्ड स्टेशनरी सोह्रखुट्टे, नयाँबजार, फोन : ४३५५७६०, ९८४१८८७७१६, फ्याक्स नं. : ४३८५३९९ ● स्मार्ट इन्भेष्टमेन्ट प्रोमोशन नेपाल, जोरपाटी, फोन नं. : ०१४९१३०१०, ९७४१०१७२५३ ● एस.एस. स्टेसनरी, बालाजु, ४३८०२३०, ४३८७२७५ ● बी.एन्ड.बी. स्टेशनरी एन्ड कम्युनिकेसन सेन्टर महाराजगन्ज फोन: ३७०७०५, फ्याक्स: ३७२७९९ ● जय बागेश्वरी कम्युनिकेसन जयबागेश्वरी, फोन : ४४६७०३४, २०१३९११, ४४६६६११, ४४७६८१७ ● योञ्जन कम्युनिकेसन विशालनगर ४-४१६५६१, ४-४३५१८७ ● वीडलिक मिडिया प्रा.लि. पुरानो बानेश्वर चोक, ४४९२३०९/२०१४९३२, ९८४३१०५७३८ ● किपु बुक प्वाइन्ट कीर्तिपुर ३३१७७५ ● कार्य विनायक बुक एन्ड स्टेसनरी ४२६७३२४ वसन्तपुर ● मनकामना कम्युनिकेसन चावहिल ४४६७८४७, फ्याक्स : ४४८६८१९ ● डी.के. बुक, भोटाहिटी २५२३२० ● माउण्टेन एयर एक्सपोर्ट एण्ड ट्रेडर्स जावलाखेल, बागडोल फोन : ५५५४७५५, ५५४३७१९ ● होराइजन कम्युनिकेसन गोंगबु नयाँ बसपार्क, फोन: ३५३९४१, फ्याक्स: ३५३९९६ ● ध्रुवको पसल डिल्लीबजार, फोन: ४३९२०१ ● पञ्चावती बुक्स एण्ड स्टेसनरी चावहिल चोक, फोन: ४८६५१३, ४-४८१४३६ ● पिपल्स बुक्स, पकनाजोल, २१८०४४, ४-२१२३८५ ● सार्वजनिक टेलिफोन, पब्लिक कन्ट्रयाक्ट प्वाइन्ट कालीमाटी चोक, फोन नं. : ४-६७४८०१ ● मनकामना गिफ्ट ग्यालरी वनस्थली ४३६४९२४ ● काष्ठमण्डप डिस्ट्रिव्युसन प्रा.लि. टेकु, काठमाडौं, फोन : २०१०८२१, ०१६२२०७८५, मो. ९८५१०७२००४ ● साइ म्युजिक एन्ड मुभिज नयाँ बानेश्वर, फोन : ४४६१३५५, ४४९३५१२ ● बाबा सपिङ प्वाइन्ट महाराजगन्ज फोन: ४-४२६५४५ ● न्यू पी.पी. बुक्स एन्ड ट्रेडर्स कलंकी चोक फोन: २८२४५१, २८०६७३, फ्याक्स: २८१८०२ ● कान्तिपुर फोटोकपी एण्ड स्टेसनरी सप्लाईर्स स्वयम्भु किमडोल, राईजी फोन: २८१०४५, मोबाइल : ९८१०-७०४३५ ● कम्युनिकेशन प्लस, क्षेत्रपाटी ढल्को फोन : २०२१९४८, ४-२६६७५१ सनम स्टेसनरी एण्ड जनरल सप्लाईर्स, सोह्रखुट्टे फोन: ३५८६४१ ● स्टुडेन्ट बुक्स एण्ड स्टेसनर्स जोरपाटी चोक (मिनिबस स्टप) फोन: ४७६६२८ ● विद्या बुक्स एन्ड स्टेसनरी लेखनाथमार्ग, ठमेल, फोन : ४४१३९५४ ● मिडिया एन्ड कम्युनिकेसन नेटवर्क पेप्सीकोला, फोन : ६६३७९१९, ४२४६९३५, ९८५११०६५७५ ● सन्ध्या बुक्स सेन्टर ४३१२५३१ (स्पेन्ट्र) थानकोट, इमाखेल (बसपार्क) नवीन बुक्स एन्ड स्टेशनरी, अनामनगर गौशाला बुक्स एन्ड स्टेशनरी, गौशाला, फोन: ४-४८३६१४ ● एमएस सेढाइ स्टेसनरी एन्ड बुक्स सेन्टर बसुन्धरा-९, काठमाडौं, ४३५६४७५ ● SEVEN EDUCATIONAL CONSULTANCY (P) Ltd . Putalisadak, Kathmandu, Phone : 4238020, 4-424615, P .O . Box : 24829 l Nepaltar Cyber &Communation Nepaltar, Kathmandu, Contact No : 01-4384875, 9841-419658 ● शिक्षा बुक्स एन्ड स्टेसनर्स सामाखुसी, काठमाडौं, ४३६५७७६, मोबाइल : ९८४१-४८३०९६ (नवराज अधिकारी) ● क्वीक कम्यूनिकेशन प्रा.लि., बालाजु, फोन नं. : ४-३८३४५२, फ्याक्स : ४-३८५४२६ स्वयम्भु कम्युनिकेशन, डल्लु, आवास, दयामान वज्राचार्य ९८४१२१९१७३ फोन : ४२७४६३३, ४२८९२६०

**ललितपुर** हाम्रो टेलिफोन सेवा (ग्वार्को) ५५५०१२४, ५५२४०९८, ५५५५०९८, ९७४१०५१८६० ● ज्ञान स्टेनसरी, पाटनढोका, फोन: ५४५५९२ ● ललित म्यागजिन एन्ड स्टेसनरी लगनखेल, ललितपुर, ५५५३९३१, ५५५३४३४० ● श्रेष्ठ स्टेसनरी सेन्टर ठैव, ललितपुर, फोन : ९८४१५१६९५७ ● लालित्य प्रिन्टर्स लगनखेल, फोन : ५५४३५८२ ● दिगो स्टेसनरी लगनखेल, फोन: ५४२२१२, प्रधान कमिनिकेशन ललितपुर, फोन: ९८४१७६९५९२ ● निशा बुक्स एण्ड स्टेशनरी, लगनखेल, ५५३१९५७, ९८४१६२७४८९

**भक्तपुर** सुन्दर पुस्तक, ठिमी, ६३१४७३, ● मल: स्टेसनरी गठाघर, फोन: ६३०७५७ ● बेबिस आर्ट इटाछैं : ६१२७२४

२०७५, असार
मंगलबार
१९

# नेपाल

बाजुरा सुगममा परेपछि छात्रवृत्ति कटौती गरिएको र मुगु दुर्गममा भएकाले छात्रवृत्ति पाउने आसमा त्यहीँ जाने गरेको हिमाली गाउँपालिकाका नायब सुब्बा जनक शाहीले बताउनुभयो।

## समान भूगोलमा असमान सेवासुविधा

**दयाराम पण्डित, बाजुरा**

जिल्लाको हिमाली गाउँपालिकाको कवाडी र हुम्लाको ताजाकोट गाउँपालिकाको कवाडीमा बसोबास गर्नेहरू निकै नजिक बसोबास गर्छन्, बसोबासको भौतिक दूरी करिब ६० मिटर हाराहारी मात्र छ।

कवाडी खोला वरपर बसोबास गर्ने स्थानीय बासिन्दा भने एकै ठाउँको पानी एकै ठाउँको रासन खान्छन्। तर खोलावारी सुगम र खोला पारी दुर्गम भएकाले त्यहाँ काम गर्ने कर्मचारीका बीचमा व्यापक असमानता छ। खोलापारी हुम्लामा खटिएका प्रहरीको मासिक दुर्गमभत्ता १९ हजार रुपियाँ छ भने दक्षिणतिर बाजुरा कवाडीका प्रहरीले भने ७ हजार मात्रै भत्ता पाउँछन्।

त्यस्तै स्थानीय भत्ता हुम्ला कवाडीका प्रहरीले ५ हजार पाउँछन् भने बाजुरा कवाडीमा बस्ने प्रहरीले ३ हजार मात्र पाउने गरेको कवाडी चौकी बिच्छयाँका प्रहरी सहायक निरीक्षक खड्कजंग शाहीले दुखेसो गर्नुभयो। उहाँका अनुसार हुम्ला कवाडीचौकीमा १२ जना प्रहरी छन् तर बाजुराको बिच्छयाँ कवाडी प्रहरी चौकीमा ७ जना मात्र कर्मचारी छन्। सातजनाले पुरै हिमाली गाउँपालिका हेर्नुपर्छ जनशक्ति थपिदिन माग गरिए पनि मागअनुसार जनशक्ति नहुँदा थप सास्ती भएको शाहीले बताउनुभयो।

६० मिटरपारि दुर्गम र ६० मिटरवारि सुगम भई पाउने सेवासुविधामा राज्यले विभेद गरेको उहाँले बताउनुभयो। बाजुरा र हुम्ला जोड्ने कवाडी खोलाको झोलुंगे पुलको दुवै छेउमा प्रहरी चौकीहरू छन्। खोला वारिपारिका सरकारी कर्मचारी पनि मारमा परेका छन्। राज्यले कर्णाली प्रदेशलाई प्राथमिकता दिएको छ, त्यहाँ विभिन्न सुविधाहरू पनि छन् तर त्यही कर्णाली प्रदेशसँग जोडिएको बाजुरा सुगममा परेपछि राज्यबाट पाउने विभिन्न सुविधाबाट वञ्चित हुनुपरेको हिमाली गाउँपालिका वडा नं चारका अध्यक्ष रमेश विकले बताउनुभयो।

एकै प्रकारको चामल पनि ६० मिटरको दूरीमा प्रतिक्विन्टल ८ सय महँगो पर्ने गर्छ। खाद्य संस्थानले हुम्ला र बाजुराका लागि चामल आपूर्ति गर्छ। कवाडी खोला उत्तरी किनारको मैलागाउँका बासिन्दाले खाद्य संस्थानबाट अरूवा चामल प्रतिक्विन्टल ५ हजार २ सय रुपियाँमा खरिद गर्छन् तर सोही दक्षिणी किनारका स्थानीयले भने ४ हजार ४ सयमै पाउँछन्। संस्थानले नै बंगलादेशी उसिना चामल फैतीका बासिन्दालाई प्रतिक्विन्टल ३ हजार २ सयमा बिक्री गर्छ भने छेउकै मैलाका बासिन्दाले प्रतिक्विन्टल ३ हजार ९ सय रुपियाँमा किन्नुपर्छ।

त्यस्तै बाजुराका अधिकांश विद्यार्थीसमेत छात्रवृत्ति पाउने आसमा कर्णालीको मुगुमा अध्ययन गर्न जाने गर्दछन्। बाजुरा सुगममा परेपछि छात्रवृत्ति कटौती गरिएको र मुगु दुर्गममा भएकाले छात्रवृत्ति पाउने आसमा त्यहीँ जाने गरेको हिमाली गाउँपालिकाका नायब सुब्बा जनक शाहीले बताउनुभयो। 'बाजुराको हिमाली गाउँपालिका र हुम्लाको ताजामैला गाउँपालिकाको किटतामा समान भूभाग छ। तर राज्यको नीतिगत व्यवहार भने असमान छ।' -हिमाली गाउँपालिकाका अध्यक्ष गोन्दिबहादुर मल्लले भन्नुभयो।

## नगरलाई प्लास्टिक र प्रदूषण मुक्त बनाइने

**नेपाल समाचारपत्र**

लमजुङ

मध्यनेपाल नगरपालिकाले समग्र नगर क्षेत्रलाई प्लास्टिक मुक्त बनाउँदै 'ग्रीन' तथा 'क्लिन' सिटी बनाउने भएको छ। प्लास्टिकबाहेकका हातेझोला वितरण गर्दै हरियाली प्रवर्द्धनका कार्यक्रम अघि बढाउने तयारी गरिएको छ।

तेस्रो नगरसभाका लागि तय गरिएको नीति तथा कार्यक्रममा यो विषय उच्च प्राथमिकता राखिएको नगरपालिकाले जनाएको छ। आर्थिक, सामाजिक, पूर्वाधार विकाससहित वन वातावरण, विपत् व्यवस्थापन, संस्थागत विकास र सेवा प्रवाहका कार्यक्रमलाई विशेष प्राथमिकतामा राखिएको सो नगरका मेयर रमेश पाण्डेले जानकारी दिनुभयो।

आर्थिक विकास कार्यक्रमअन्तर्गत एक वडा एक कृषि उत्पादन कार्यक्रम, नगर प्रमुख कृषि आधुनिकीकरण कार्यक्रमलाई प्राथमिकतामा राखिएको छ। पूर्वाधार विकासतर्फ समीभञ्ज्याङ, करापु र नेटामा प्याराग्लाइडिङको सम्भाव्यता अध्ययन गरिने, सिटी हल, खेलमैदान, मनोरञ्जन पार्क निर्माण, शारीरिक व्यायामशाला, नगरप्रमुख युवा स्वरोजगार कोष खडा गरिने, नगर उज्यालो कार्यक्रमअन्तर्गत रामबजार, भोर्लेटार, रम्घा र सोतीपसलमा सोलार बत्ती जडानलगायतका कार्यक्रम सञ्चालन गरिने पाण्डेले जानकारी दिनुभयो। उहाँका अनुसार वन, वातावरण र विपद् व्यवस्थापनअन्तर्गत स्वच्छ वातावरण स्वस्थ जीवन, हरियो वन मध्यनेपालको धन, एक वडा एक उद्यान, क्लिन मध्यनेपाल ग्रीन मध्यनेपाल, कौसी खेती र करेसाबारी कार्यक्रम सञ्चालन गरिने छ। त्यसैगरी, भू-उपयोग योजना लागू गरिने, नगरका मुख्य स्थानमा सिसी क्यामेरा जडान, आवश्यकताअनुसार ट्राफिक चिह्न राखिने, संस्थागत विकास र सेवा प्रवाहअन्तर्गत राजस्व, कर संकलन र व्यवस्थापन कार्यलाई कडाइका साथ लागू गरिने बताइएको छ।

कम्प्युटर प्रविधि तथा इन्टरनेट प्रविधिमा आधारित सेवालाई प्रभावकारी बनाउने, कर्मचारीको क्षमता वृद्धिका लागि प्रयास गर्ने तथा स्थानीय सामुदायिक एफएम सञ्चालनमा आवश्यक पहल गर्नेजस्ता योजना रहेको नगरपालिकाले जनाएको छ। वडा नं-१० स्थित नेटामा बीपी कोइराला स्मृति पार्क निर्माण, डढुवा र करापुमा होमस्टे सञ्चालन, जीता, टक्सार र नेटालाई कृषि पर्यटनको रूपमा विकास गर्ने लक्ष्य लिइएको छ। अर्गानिक खेतीको उत्पादन र व्यावसायिकीकरण गर्न शुरुवात गर्ने नगरपलिकाको योजना गहेको छ।

त्यस्तै, सामाजिक विकास कार्यक्रमअन्तर्गत समृद्ध मध्यनेपाल सुखी मध्यनेपालबासी नारालाई व्यवहारमा लागू गर्ने, नगरपालिकालाई जिल्लाकै शैक्षिक हबका रुपमा विकास गर्ने, गरिबी न्यूनीकरणका लागि आय आर्जन र स्वरोजगारका अवसर प्रदान गर्ने बताइएको छ।

हाटबजार तथा कृषि उपज बिक्री वितरणस्थल निर्माण, सामूहिक र सहकारी खेती गर्न कृषि उपजको उत्पादन, भण्डारण बिक्री वितरण गर्न सहकारी र कृषि समूहलाई सक्रिय बनाउने लक्ष्यसमेत अघि सारिएको छ। उद्योग स्थापना सञ्चालन र नवीकरण प्रक्रियालाई सरलीकरण, सहजीकरण र प्रभावकारी बनाइनेलगायतका कार्यक्रमसमेत समावेश गरिएको छ।

नगरबासीको सुरक्षित बसोबास सुनिश्चित गर्न खरको घर मुक्त नगर निर्माणको पहल गरिने, जेष्ठ नागरिक दिवा सेवा केन्द्र निर्माण गरिने, खेलकुद, धार्मिक र साहित्यक गतिविधिलगायतका कार्यक्रम पनि नीति तथा कार्यक्रममा समेटिएको नगर प्रमुख पाण्डेले जानकारी दिनुभयो।

## मनमोहन इन्स्टिच्युट प्रदशकै उत्कृष्ट प्राविधिक विश्वविद्यालय हुने दाबी

**नेपाल समाचारपत्र**

विराटनगर

मोरङको बुढीगंगा-४ स्थित मनमोहन स्मृति पोलिटेक्निक इन्स्टिच्युट अब प्राविधिक विश्वविद्यालय भएको छ। विभिन्न प्राविधिक विषय अध्यापन हुँदै आएको सो इन्स्टिच्युटलाई प्रदेशकै उत्कृष्ट प्राविधिक शिक्षालय बन्ने दाबी गरिएको छ।



१ नम्बर प्रदेश सरकारले उत्कृष्ट प्राविधिक विश्वविद्यालय बनाउने घोषणा गरेको छ। प्रदेश सरकारले सो इन्स्टिच्युटलाई विश्वविद्यालयका रूपमा विकास गर्न आर्थिक वर्ष २०७५/७६ को नीति तथा कार्यक्रममा समेटेको छ। पूर्वप्रधानमन्त्री मनमोहन अधिकारीको ९८औं जन्मजयन्तीका अवसरमा आयोजित समारोहमा मुख्यमन्त्री शेरधन राईले प्रदेशलाई चाहिने प्राविधिक जनशक्ति सोही विश्वविद्यालयले तयार गर्ने बताउनुभयो। सो प्राविधिक विश्वविद्यालयबाट उत्पादित जनशक्ति अन्य प्रदेशमा समेत उपलब्ध गराइने दाबी गर्दै उहाँले भन्नुभयो- 'यहाँका जनशक्ति रोजगारका लागि अन्तर्राष्ट्रिय श्रम बजारमा समेत पुग्नेछन्।'

करिब २१ बिघा क्षेत्रफलमा सञ्चालन भइरहेको मनमोहन स्मृति पोलिटेक्निकमा सिभिल इन्जिनियरिङ, मेकानिकल, इलेक्ट्रिकल, इलेक्ट्रोनिक्सलगायत भोकेसनल ट्रेनिङ सञ्चालनमा छन्।

## नगर क्षेत्रका विद्यालयमा हरेक दुई महिनामा परीक्षा

**विनोद सिंह विष्ट, बैतडी**

बैतडीको पाटन नगरपालिकाले आगामी आर्थिक वर्षदेखि नगर शिक्षकको व्यवस्था गर्ने भएको छ। आगामी आर्थिक वर्षका लागि पारित गरेको नीति तथा कार्यक्रममार्फत यस्तो व्यवस्था गर्ने तयारी गरिएको हो। नगर शिक्षकको व्यवस्था गर्ने नीति लिइएको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत रवीन अधिकारीले बताउनुभयो। आगामी आर्थिक वर्षलाई शैक्षिक गुणस्तर सुधार गर्न आधार वर्ष मनाइने पनि पाटन नगरपालिकाले पारित गरेको नीति तथा कार्यक्रममा उल्लेख गरिएको छ। सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर कमजोर भइरहेकाले शिक्षालाई विशेष जोड दिँदै यस्तो व्यवस्था गर्ने तयारी गरिएको नगरप्रमुख केशवबहादुर चन्दले बताउनुभयो। शैक्षिक गुणस्तर अभिवृद्धि मापनका लागि नगर क्षेत्रका हरेक विद्यालयमा प्रत्येक २/२ महिनामा परीक्षा सञ्चालन गर्ने गरिने उहाँको भनाइ छ। नगरपालिकाभित्रका सबै विद्यालयका प्रधानाध्याक तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्षसँग सयुक्त छलफलपछि यस्तो निर्णय गरिएको चन्दले बताउनुभयो।

कक्षा १ देखि ९ सम्मको वार्षिक परीक्षाको प्रश्नपत्र निर्माण गर्ने, परीक्षा सञ्चालन तथा अनुगमन, उत्तरपुस्तिका जाँच्ने तथा नतिजा सार्वजनिक गर्नेलगायतका सबै काम नगरपालिकाले नै गर्नेछ। यो व्यवस्था अनिवार्य गरिएपछि नगरपालिकाभित्रका उत्कृष्ट विद्यालय, नमुना विद्यालय र उत्कृष्ट विद्यार्थी छनोटका लागि सजिलो हुने नगरपदाधिकारीको विश्वास छ। त्यस्तै कृषि, स्वास्थ्य, स्वरोजगारका कार्यक्रमलाई पनि प्राथमिकतामा राखिएको नगरपालिकाका प्रवक्ता लोकबहादुर भण्डारीले बताउनुभयो।

## प्रतिपक्षबीच कार्यगत एकता जरुरी : थापा

बुटवल, (नेस)

राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष कमल थापाले वर्तमान सरकार एकदलीय सर्वसत्तावादतर्फ उन्मुख हुन सक्ने औंल्याउँदै त्यस्तो खतरालाई रोक्न सरकारबाहिरका दलबीच कार्यगत एकता हुनुपर्नेमा जोड दिनुभएको छ। नेपाली जनताले अब कुनै पनि हालतमा निरंकुशता र सर्वसत्तावाद नस्विकार्ने उहाँको भनाइ छ। सोमबार बुटवलमा आयोजित एक साक्षात्कारमा बोल्दै नेता थापाले सरकारको ५ महिनाको अवधि नियाल्दा जनताले केही आशा लिए पनि आशंका बढ्न थालेको बताउनुभयो। उहाँले भन्नुभयो- 'दुई तिहाइको बहुमतको सरकार भएकाले एकतर्फ स्थिरता, आर्थिक विकास र समृद्धिको आशा छ तर अर्कोतर्फ सत्तारूढ दलका कारण कहीँकतै एकदलीय सर्वसत्तावादको आशंका पनि देखिन्छ।'

विभिन्न समूहमा विभाजित राष्ट्रिय प्रजातन्त्र पार्टी चाँडै एक हुने र कहिल्यै नफुट्ने गरी एक हुने उहाँको भनाइ थियो।

**अं.वं.१०२नं. तथा जिल्ला अदालत नियमावलीको नियम २२(क) नं.बमोजिम मोरङ्ग जिल्ला अदालतबाट जारी भएको**

सिद्धिमान पतिको छोरी अरुण शाक्यको पत्नी जिल्ला काठमाण्डौका.म.न.पा वडा नं.६, सरस्वती नगर, महाकाल फाँट गोपीकृष्ण सिनेमाहल पछाडी बस्ने अ.व.५५ कि प्रमिला शाक्यको नामको ३0 दिने इतलायनामा म्याद ।

उप्रान्त वादी श्री सम्पत्ति शाक्यको छोरा जिल्ला मोरङ्ग विराटनगर महानगरपालिका वडा नं.९ बस्ने वर्ष ५१ को नरेशमान शाक्य प्रतिवादी तपाँई प्रमिला शाक्य समेत भएको मु.नं. ०१५७४, १५७५, १५७६, १५७७, १५७८ को लिखत वदर दर्ता वदर ५ थान एवं मु.नं.०१५८०, १५८१, १५८२, १५८३, १५८४ को जालसाज ५ थान मुद्दामा तपाँई प्रमिला शाक्यको नामको म्याद वेपते तामेल भईआएकोले मिति २०७५।0३।१७ को आदेश अनुसार यस राष्ट्रिय स्तरको पत्रिकाबाट जारी गरिएको छ । सुचना जारी भई प्रकाशित भएको मितिले बाटाको म्याद बाहेक ३0 दिन भित्र आफनो सवुत प्रमाण लिइ अदालत खुलेको समयमा आफै, आफ्ना कानुन बमोजिमको प्रतिनिधी वा कानुन व्यवसायी मार्फत हाजिर हुनु होला । हाजिर नभए मुद्दा कानुन बमोजिम हुनेछ । पछी तपाँईको उजुर लाग्ने छैन्।

इति सम्वत २०७५ साल अषाढ १९ गते ३ रोज शुभम् ........................

**कास्की जिल्ला अदालतबाट जारी भएको कास्की जिल्ला साविक पोखरा उ म न पा वडा नं १३ को परिवर्तित ऐ पोखरा लेखनाथ म न पा १३ सितलादेवी बस्ने सूर्यमानका नातीबाबुलालको छोरा बर्ष ३८ का विकल श्रेष्ठको नाममा जारी भएको ३०(तीस) दिनेसमाह्वान म्याद....................।**

उप्रांत वादी शालिकराम रिजाल प्रतिबादी तपाई भएको शर्तनामाको रक़म दिलाई पाउँ मुद्दामा यस अदालतबाट तपाईका नाममा जारी भएको म्याद बेपत्ते तामेल भई आएकोमा प्रस्तुत मुद्दा ईजलास समक्ष पेश हुदा मिति २०७५।०२।२९ मा तपाईको नाउँमा राष्ट्रिय दैनिक प्रत्रिकामा सूचना म्याद जारी गर्नु भन्ने आदेश भएकोले तपाईको नाऊमा यो म्याद जारी भएको छ । तसर्थ यो म्याद पत्रिकामा प्रकाशित भएको मितिले बाटो म्याद बाहेक ३०(तीस) दिन भित्र यस अदालतमा हाज़रि हुन आऊनुहोला ऐन बमोज़मि पूर्पक्ष हुने छ । सो म्याद भित्र हाज़रि हुन नआए ऐन बमोज़मि मुद्दा फ़ैसला हुनेछ । पछि तपाईको उजुरी लाग्ने छैन ।

**इति सम्बत २०७५ साल असार महिना १ गते रोज ६ शुभम्.........**

**कि इन्टरटेनमेन्ट प्रा. लि. को नाम परिवर्तन गरि कि इन्टरटेनमेन्ट एण्ड रिसर्च प्रा. लि. कायम गरिएको सम्बन्धी सूचना**

कम्पनी ऐन बमोजिम कम्पनी रजिष्ट्रारको कार्यालयमा प्रा. लि. दर्ता नं. ३७४१४/०६२/०६३ मा दर्ता भई सम्बन्धित निकायको अनुमति प्राप्त गरि संचालनमा रहेको कि इन्टरटेनमेन्ट प्रा. लि. को नाममा रहेको चल, अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर दायित्व आदि समेत परिवर्तित कि इन्टरटेनमेन्ट एण्ड रिसर्च प्रा. लि. ले सकार्ने व्यहोर्ने शर्तमा कम्पनी रजिष्ट्रारको कार्यालय, काठमाडौंको मिति २०७५/०२/२२ को निर्णय अनुसार साविकको कि इन्टरटेनमेन्ट प्रा. लि. को नाम परिवर्तन भई कि इन्टरटेनमेन्ट एण्ड रिसर्च प्रा. लि. कायम गरिएको सम्बन्धित सरोकारवाला सबैलाई जानकारी गराउने प्रयोजनको लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

कि इन्टरटेनमेन्ट एण्ड रिसर्च प्रा. लि.
त्रिपुरेश्वर, काठमाडौं

**नेपाल सरकार**
**स्वास्थ्य तथा जनसंख्या मन्त्रालय**
**कोशी अञ्चल अस्पताल विकास समिति**
**विराटनगर**

**अस्पपताल सेवा संचलनका लागी आवश्यक सामग्री खरिद गर्ने सम्बन्धि शिलबन्दी बोलपत्र आह्वानको सूचना**

**प्रथम पटक प्रकाशित २०७५/०३/१९**

यस अस्पतालमा आ. व.०७५/०७६ का लागि आवश्यक पर्ने देहायका सामानहरु बोलपत्रको माध्यमबाट खरिद गर्नु पर्ने भएकोले ईजाजत प्राप्त सप्लायर्स एवं विक्रेताहरु वाट निम्न शर्तको अधिनमा रही रित पुर्वक शिलबन्दी बोलपत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ।

**शर्तहरू :**

१) यो सूचना राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित भएको मितिले ३० औं दिनको कार्यालय समय भित्र यस अस्पतालको केन्द्रिय काउन्टरमा बुझाएको रसिद पेश गरि वा यस अस्पतालको नामको नविल वैक लि. विराटनगर स्थित हि.न. ०७०१०१७५०१५३१ मा बोलपत्र दस्तुर रु ३०००। तिरी (पछि फिर्तानहुने गरी) यस अस्पतालबाट खरिद गर्नसकिनेछ।

२) बोलपत्र फाराम खरिद गर्नलिखित निवेदन साथ आ.व.०७४/०७५ सम्मको लागि नविकरण गरिएको सम्बन्धित विषयको कारोवार संचालन गर्न पाउने इजाजत पत्र वा फर्म दर्ता प्रमाणपत्र, नागरिकताको प्रमाणपत्र, आयकर दर्ता प्रमाणपत्र तथा मू.अ. कर दर्ता प्रमाण पत्र ,आ.व.०७३/०७४ सम्मको कर चुक्ता प्रमाणपत्र समेतका प्रतिलिपि संलग्न राखी प्रोपाइटर स्वयं उपस्थित भै वा आधिकारिक मन्जुरीनामा सहितको प्रतिनिधि पठाई खरिद गर्न सकिनेछ।

३) यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३१ औं दिन दिनको १२.०० बजे भित्र यस अस्पतालमा बोलपत्र दर्ता गराई सक्नु पर्नेछ। बोलपत्र हुलाक, कुरियर मार्फत पनि तोकिएको स्थानमा निर्धारित समयभित्र दाखिला भएका मात्र दर्ता गरिनेछ। म्याद भित्र दर्ताभएका बोलपत्रहरु सोहीदिन दिनको २.०० वजे जिल्ला प्रशासन कार्यालय, कोष तथा लेखा नियन्त्रक कार्यालय, र कार्यालय प्रतिनिधि तथा बोलपत्र दाता वा निजको प्रतिनिधिहरुको रोहवरमा यस अस्पतालमा खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधि अनुपस्थित रहेमा पनि बोलपत्र खोल्न वाधा पर्नेछैन।

४) बोलपत्र फारम खरिद गर्नेर दर्तागर्नेअन्तिम दिन विदा पर्नगएमा सो पछि कार्यालय खुलेको पहिलो दिनलाईअन्तिम दिन मानिनेछ।

५) बोलपत्र पेश गर्दाखामको वाहिर यस अस्पतालको नाम सम्वोधन गरी बोलपत्र कामको विवरण तथा नाम खुलाईसिलवन्दी गरी पेश गर्नुपर्नेछ।

६) बोलपत्र दाताले बोलपत्र जमानत वापत नगद जमानत भए को. ले. नि. का. विराटनगरको कृषि बिकास बैंक हिमालय रोड बिराटनगर स्थित धरौटी हि.न. ख ३. ०६०१६०१०१४०७००४५ (कार्यालय कोड नं १०. ३७०. ०४ मा जम्मा गरेको सक्कलै वैक भौचर बोलपत्र साथ संलग्न राख्नुपर्ने र वैंक जमानत भए कम्तिमा १२० दिन म्याद भएको वणिज्य वैक (क श्रेणी) वाट यस अस्पतालको नाममा जारी भएको वैक जमानत ( विड वण्ड ) बोलपत्र साथ संलग्न राख्नु पर्नेछ। बोलपत्र स्वीकृत भएमा स्वीकृत भएको सूचना दिएको १५ दिनभित्र कुल कवोल अंकको ५ प्रतिशतले नपुग हुने कार्य सम्पादन जमानत बापत मिति २०७६ श्रावण मसान्त सम्म म्याद भएको क श्रेणिको वाणिज्य वैंकबाट जारी भएको कार्य सम्पादन जमानत (परफरमेन्स वण्ड) वा माथि उल्लेखित धरौटि खातामा नगद जम्मा गरेको सक्कलैभौचर पेश गरी सम्झौता गर्नु पर्नेछ। नगद जमानत राखेकोमा पछि वैंक जमानतमा परिणत गर्न पाइने छैन।

७) बोलपत्रदाताले आफुले कवोल गरेको प्रत्येक आइटमहरुको मु.अ.कर वाहेकको दररेटलाई अंक र अक्षर दुवैमा अनिवार्य रुपमा उल्लेख गर्नुपर्नेछ। अंक र अक्षरमा लेखेको दररेट फरक परेमा अक्षरमा लेखिएको लाई मान्यता दिइनेछ।

८) बोलपत्रदाताले दररेट उल्लेख गर्दाकेरमेट गरेको, टिपेक्स लगाएको स्थानमा सहीछाप नगरेको, बोलपत्र फारामको फोटोकपि गरी पेश गरेको यस अस्पतालबाट विक्री नभएको एक व्यक्ति वा अन्य फर्मका नाउँमा विक्री भएको बोलपत्र फारम अर्को व्यक्ति वा फर्मको तर्फबाट पेश गरेको वा आफ्नो तर्फ बाट कुनै शर्त राखी पेश गरेको बोलपत्रलाई मान्यता दिइने छैन।

९) म्याद नाघी र रित नपुगी प्राप्त बोलपत्र उपर कुनै कारवाही हुने छैन।

१०) नेपाल सरकारको हितलाई ध्यानमा राखी प्राप्त बोलपत्रहरु पूर्णवा आंशिक स्वीकृत गर्नेवा नगर्ने सम्पूर्ण अधिकार यस अस्पतालमा सुरक्षित रहनेछ।

११) बोलपत्र स्वीकृत भई कार्यालयले जारी गरेको खरिद आदेशमा उल्लेखित अवधि भित्र सामानहरु उपलब्ध गराउनु पर्नेछ।

१२) आपूर्ति गरिने सामानहरु तोकीएको समयमा वुझाउन नसकेमा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४(संसोधन सहित) वमोजिम कार्यवाही हुनेछ।

१३) खरीद कारवाहीमा भाग लिन अयोग्य नभएको, स्वार्थ नवाझिएको र व्यवसाय सम्वन्धी कसुरमा सजाय नपाएको भन्ने लिखित घोषणा गरेको कागजात बोलपत्र साथ अनिवार्य रुपमा संलग्न गर्नूपर्छ।

१४) बोलपत्रसाथ पेश गर्नुपर्नेर पालना गर्नु पर्ने कुराहरु बोलपत्र फारममा उल्लेख गरिने छ। सोही अनुसार बोलपत्र फारम पेश गर्नुपर्नेछ।

१५) प्री बिड मिटिंग २०७५ साल श्राबण १६ गते दिनको १२.०० बजे यसै अस्पतालमा हुनेछ।

१६) यो सूचनामा उल्लेख हुन छुट भएका अन्य कुराहरु सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ (संसोधन सहित) तथा अन्य प्रचलित कानून वमोजिम हुनेछ।

**तपसिल**

| ठे नं | कामको बिबरण | अनुमानित लागत मु अ कर बाहेक | जमानत माग गर्ने रकम | खरिदको माध्यम |
|---|---|---|---|---|
| ९ | स्टेशनरी तथा अस्पताल सेवा संचालन सम्बन्धि सामग्री | रु.६४,०७,१०९।– | रु.१,८२,०००।– | शिलबन्दो बोलपत्र |
| १० | छपाई सामग्री समेत | रु.७१,०७,३३५।– | रु.२,०१,०००।– | शिलबन्दो बोलपत्र |
| ११ | लत्ता कपडा सम्बन्धि सामग्री | रु.४९,९०,९००।– | रु.१,४१,०००।– | शिलबन्दो बोलपत्र |
| १२ | बिधुत(बिजुली) तथा बिधुत(विजुली) मर्मत सम्बन्धि सामग्री | रु.४८,२६,५२३।– | रु.१,३७,०००।– | शिलबन्दो बोलपत्र |
| १३ | हार्डवेयर तथा मर्मतका सामग्रीहरु | रु. २९,५०,१३६।– | रु.८३,५००।– | शिलबन्दो बोलपत्र |

**मेडिकल सुपरिन्टेन्डेन्ट**
**कोशी अञ्चल अस्पताल**